THE UNITED STATES DEPARTMENT of JUSTICE

तुरुन्त रिलिज गर्नका लागि

अगस्ट ११, २०२२

www.justice.gov

CRT

२०२-५१४-२००७

टिटिवाइ ८६६-५४४-५३०९

**दक्षिण डाकोटा एकीकृत न्यायिक प्रणालीले सीमित अङ्ग्रेजी प्रवीणता भएका मानिसहरूका लागि पहुँचमा सुधार गरेकाले न्याय विभागले पुनरावलोकन बन्द गरेको छ।**

वासिङ्टन - दक्षिण डाकोटा एकीकृत न्यायिक प्रणाली (Unified Judicial System, UJS) ले अदालतका कार्यक्रमहरू तथा क्रियाकलापहरूमा सीमित अङ्ग्रेजी प्रवीणता (limited English proficiency, LEP) भएका मानिसहरूका लागि पहुँचमा सुधार गरेकाले आज न्याय विभाग (Justice Department) ले नागरिक अधिकारहरूको पुनरावलोकन बन्द गर्ने घोषणा आज गऱ्यो।

अक्टोबर २०२१ मा, उक्त Justice Department ले १९६४ को नागरिक अधिकारको दफा छ (Title VI of the Civil Rights Act of 1964, Title VI) अनुसार खोलिएको UJS को समीक्षाको समाधान गऱ्यो, जसले फेडेरेल आर्थिक सहयोग प्राप्त गर्ने मानिसहरूलाई जात, वर्ण तथा उत्पत्ति राष्ट्रमा आधारित रहेर विभेद गर्न निषेध गर्दछ। दक्षिण डाकोटामा LEP व्यक्तिहरूका लागि राज्य अदालतहरूमा पहुँच सुधार गर्नका लागि UJS थुप्रै कामहरू गरेकोछ। UJS ले अदालत भाषा पहुँच कार्यक्रमलाई पनि औपचारिक बनाएको छ, UJS ले एउटा राज्यब्यापी पहुँच योजना जारी गरेको छ जसले सम्पूर्ण अदालतहरूलाई LEP अदालत प्रयोगकर्ताहरूलाई निःशुल्क दोभाषे तथा अनुवाद सेवाहरू प्रदान गरन आवश्यक गरेको छ। यस अतिरिक्त, UJS ले Title VI तथा राज्य कानुन आवश्यकताहरूको सम्बोधन गर्नका लागि न्यायाधीसहरू तथा अदालतलाई भाषा पहुँच तालिम प्रदान गरेको छ। यस विभागले UJS ले गरेका यी तथा अन्य प्रयाशहरूका कारण यस पुनरावलोकनलाई बन्द गरेको छ।

"हाम्रो देशमा न्याय तथा अदातलमा पहुँच राख्रा चाहने मानिसहरूका लागि भाषाले बाधाका रूपमा कहिल्यै उभिनु हुँदैन," Justice Department को नागरिक अधिकार प्रभाग (Civil Rights Division) का सह न्यायाधीवक्ता क्रिस्टेन क्लार्कले भन्नुभयो। "सीमित अङ्ग्रेजी प्रवीणता भएका मानिसहरूका लागि राज्य अदालतहरूमा पर्याप्त पहुँच सुधार गर्नका लागि दक्षिण डाकोटा एकीकृत न्यायिक प्रणालीका सुधारहरूले मद्दत गरेको कुरा हामी पहिचान गर्दछौं।"

"हालसालको भाषा पहुँच योजनाका लागि राज्य कानुन बनेको अघिल्लो वर्ष UJS ले पारित गरेको विधेयकबाट, युजेएसले हाम्रो राज्यमा LEP अदालत प्रयोगकर्ताहरूको अनुभवमा सुधार गरेको छ" अमेरिकी न्यायाधीवक्ता एलिसन जे. राम्सडेलले दक्षिण डाकोटा डिस्ट्रिक्टका लागि भन्नुभयो। "भाषा पहुँच तथा अन्य महत्त्वपूर्ण नागरिक अधिकार मुद्दाहरूको सम्बोधन गर्नका लागि हाम्रो कार्यालय राज्य तथा स्थानीय साझेदारहरूसँग काम गर्न प्रतिबद्ध छ।"

यो नागरिक अधिकार प्रभागका न्यायाधीवक्ताहरू तथा दक्षिण डाकोटा डिस्ट्रिक्टका लागि अमेरिकी न्यायाधीवक्ताको कार्यालयले संयुक्त रूपमा सञ्चालन गरेको थियो। नागरिक अधिकार प्रभाग बारे अतिरिक्त जानकारी उक्त प्रभागको वेबसाइट www.justice.gov/crt मा र सीमित अङ्ग्रेजी प्रवीणता र Title VI का बारेमा जानकारी www.lep.gov  मा उपलब्छ छन्। सर्वसाधारणले सम्भावित नागरिक अधिकार उल्लङ्घनहरू https://civilrights.justice.gov/report/ मा वा https://www.justice.gov/usao-sd/civil-rights मा उपलब्ध गुनासो पूरा गरी दक्षिण डाकोटा डिस्ट्रिक्टको अमेरिकी न्यायाधीवक्ताको कार्यालयमा रिपोर्ट गर्न सक्नेछन्।